# सुनछहरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### पोबाङ, रोल्पा




**आर्थिक वर्ष २०८२/०८३ को दोस्रो चौमासिक**

सार्वजनिक सुनुवाई कार्यक्रम

# प्रतिवेदन


"सुनौलो र सभ्य सुनछहरी, आत्म निर्भर सुनछहरी"
आ.व. २०८२/०८३ दोस्रो चौमासिक
सार्वजनिक सुनुवाई कार्यक्रम
२०८२ चैत्र २९ गते आइतबार
सुनछहरी गाउँपालिका वडा नं. १ सेरम, रोल्पा
सहजकर्ता:
गणेश के.सी.
रेडियो मालश्री एफ. एम.
आयोजक:
सुनछहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोबाङ, रोल्पा


आ.व. २०८२/०८३ दोस्रो चौमासिक
सार्वजनिक सुनुवाई कार्यक्रम

## १) परिचय/पृष्टभूमी:

नेपालको संविधान २०७२ अनुसार राज्यको पुर्न:संरचना भई तीन तहको सरकारको अवधारणाबाट निर्वाचन सम्पन्न भएको छ । जननिर्वाचित प्रतिनिधिहरुले सरकार सञ्चालन गरि रहेका छन्। तीन तहको सरकारले सञ्चालनको दायित्व अनुसार आ-आफ्नो ऐन, कानुन बनाउने र अधिकारको उपयोग गर्ने कार्यको थालनी भएकोछ ।

संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको ऐन कानून बमोजिम सरकार सञ्चालनको प्रकृया थालनी भएपछि स्थानीय सरकारले पनि सोही अनुरुप अभ्यास गर्दै आएका छन् । जसअनुसार विगतका संरचनाहरुमा रहेका शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, कृषि, पशु विकास लगायतका स्थानीय सरकार मातहत हस्तान्तरण भई सकेको अवस्था छ ।

विभिन्न विषयगत इकाइहरुमा रहेका सेवा प्रवाह आर्थिक विकास अन्तर्गत कृषि विकास, पशु विकास, पर्यटन विकास, उद्यम विकास, सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, लैगिंकसमानता, सामाजिक समावेशीकरण, महिला, बालबालिका, आदिवासी जनजाती, दलित, अपाङ्ग, पिछडा वर्ग, जेष्ठ नागरिक, खेलकुद, खानेपानी सरसफाई सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ प्रशासकीय र वित्तिय सुशासन, गरिबी निवारण, रोजगारी, वन वातावरण, विपद् व्यवस्थापन, लगायतका क्षेत्रमा नागरिकताको संग्लनता बढाउन तर्फ स्थानीय सरकार लागेका छन्।

स्थानीय तहको योजना तर्जुमा, कार्यान्वयन र लाभको हकमा समुदायको सहज पहुँच हुने अवस्था सिर्जना भएको छ । विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासलाई स्थानीय स्तरबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागू गर्दै आएको छ । तिनै ऐन, नीति, नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन सुदृढीकरण गर्दै अगाडि बढाई रहेका छन् ।

कुनैपनि कार्यालयको कामलाई सुशासन, पारदर्शीता, जवाफदेहिता, जनसभागीता र विधिको साशन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ । जनताको आवाज तथा जनगुनासोहरुको प्रत्यक्ष रुपमा सम्बन्धित संघ संस्था तथा कार्यालयका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो कार्यक्रम जनता प्रतिको जवाफदेहीता, उत्तरदायित्व र विकाससँग सम्बन्धित रहन्छ ।

सुनछहरी गाउँपालिकाको कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाई लगायतका विविध विषयमा जनतालाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवं सबल संस्थाको रुपमा स्थापित गर्नका लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्न सार्वजनिक सुनुवाई कार्यविधि २०८१ अनुसार वर्षको कम्तिमा तीन पटक सार्वजनिक सुनुवाई गर्ने गरी व्यवस्था मिलाइएको छ । तीनै व्यवस्थाहरुमध्ये प्रथम चौमासिक, दोस्रो चौमासिक र तेस्रो

चौमासिक अवधिमा सञ्चालन गरिएका  आयोजना तथा सम्पादन गरेका समग्रमा कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन हुने गर्दछन् ।

नेपालको संविधान २०७२ को प्रस्तावनामा सहभागितामुलक र सुशासन लगायतका कुरामा प्रतिवद्धता रहेको उल्लेख गरिएको छ । यसका साथै स्थानीय सरकार सञ्चालन सम्बन्धमा व्यवस्थागर्न बनेको ऐन २०७४, सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना २०७४, स्थानीय तह बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४, स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, सुशासन ऐन २०६४, सूचनाको हक ऐन २०६४, क्षतिपूर्तिसहितको नागरिक वडापत्र २०६९ लगायतले सुशासन प्रवर्द्धनका लागि जोड दिएको छ।

स्थानीय तहमा सुशासन वा सामाजिक जवाफदेहिता प्रवर्द्धनका लागि विभिन्न औजारहरुको अभ्यास गर्न र उपभोक्ता समितिबाट सम्पन्न विभिन्न योजनालाई पारदर्शी बनाउने अभ्यासका लागि विभिन्न नीति, निर्देशिका, कार्यविधि तयार गरि सोही आधारमा स्थानीय तह सो सँग सम्बन्धित सेवाप्रदायक इकाईहरु र निकायबाट प्रवाह हुने सेवामा प्रभावकारी बनाउदै लैजान आवश्यक रहेको छ । यस सार्वजनिक सुनुवाई कार्यक्रमको सहजिकरण तथा सहकार्य रेडियो मालश्री १०० विन्दु ५ मेगाहर्जबाट भएको थियो ।

## २) विधि:

जुनसुकै कार्यक्रम सम्पन्न गर्नका लागि पुर्व तयारीको आवश्यक पर्दछ । सुनछहरी गाउँपालिकाले चालु आर्थिक वर्षको दोस्रो चौमासिक सम्ममा गरेको प्रगति र नागरिकहरुको विभिन्न समस्या बुझ्नका लागि वार्षिक, प्रथम र दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमको तय गरिएको हो । गाउँकार्यपालिकाको बैठकले आर्थिक वर्ष २०८२-०८३ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम २०८२ चैत्र २९ गते सुनछहरी गाउँपालिका वडा नं. १ शेरममा गर्ने निर्णय गरेको थियो ।

आर्थिक वर्ष २०८२-०८३ को दोस्रो चौमासिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्नका लागि गाउँपालिकाको कार्यपालिका बैठकले मिति, समय र स्थान तय गरेको थियो । सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्ने निर्णय पश्चात ग्रामिण इलाकामा सुझाव संकलन तथा निर्गम अभिमत, नागरिक प्रतिवेदन संकलन गर्न सार्वजनिक सुनुवाई सहजिकरण गर्नका लागि एक जना सार्वजनिक सुनुवाई संयोजकलाई नियुक्ति गरिएको थियो । संयोजकलाई सुनछहरी गाउँपालिका वडा नं. १ का विभिन्न बस्ति स्तरमा सुझाव संकलन, निर्गम अभिमत, नागकिर प्रतिवेदन संकलन गर्नका सहजकर्तालाई पठाइएको थियो ।

वडा, टोल, बस्तिमा जाँदा आम नागरिकहरुलाई सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थितीका लागि आग्रह समेत गरिएको थियो । चैत्र २५ गते सम्म सुझाव संकलन, नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलन अभियान सकिएको थियो । कार्यक्रममा धेरै भन्दा धेरै सहभागिता होस भन्नका लागि विभिन्न सामाजिक संजाल, मिडिया, पत्रपत्रिकामा प्रचार-प्रसार गर्नुका साथै पत्राचार समेत गरिएको थियो । कार्यक्रममा अधिक सेवाग्राहिहरुको सहभागिताका लागि, सुझाव संकलनमा सहभागि वडाका जनप्रतिनिधि र कर्मचारीहरुलाई उपस्थितिका लागि आग्रह समेत गरिएको थियो ।

कार्यक्रम स्थलको बारेमा पुर्व अवलोकन समेत गरिएको थियो । कार्यक्रमलाई ब्यवस्थित गर्नका लागि बस्ने कुर्सी, टेबुल, खाने पानी, नास्ता लगायत अवश्यक पर्ने औजार तथा उपकरणको समेत ब्यवस्था गरिएको थियो ।

## ३) समन्वय र प्रचार-प्रसार:

कुनै पनि कार्यक्रम सभ्य र भब्य रुपमा सम्पन्न गर्नका लागि समन्वय र प्रचार-प्रसारको अत्यन्त महत्वपुर्ण भूमिका रहन्छ । सरोकारवाला विभिन्न निकायहरुसंग समन्वय र सम्पुर्ण सेवा ग्राहिहरु समक्ष कार्यक्रमको बारेमा जानकारी पुऱ्याउन सक्नु नै कार्यक्रम सफल बनाउने अचुक उपाए हो ।

आर्थिक वर्ष २०८२-०८३ को दोस्रो चौमासिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने मिति, समय र स्थान गाउँकार्यपालिकाको बैठकले तय गरेको थियो । कार्यपालिकाको बैठकले चालु आर्थिक वर्षको वार्षिक सार्वजनिक सुनुवाई चैत्र २९ गते गर्ने निर्णय गरे पश्चात कार्यक्रम कसरी सम्पन्न गर्ने भन्ने बारेमा छलफल गरिएको थियो । कार्यक्रमलाई सभ्य र भब्य बनाउनका लागि सुनछहरी गाउँपालिका वडा नं. १ का विभिन्न बस्तिस्तरमा सम्पुर्ण नागरिकहरुको गुनासो कार्यक्रममा समावेश गर्नका लागि प्रत्येक टोल-टोलमा पुग्न वडा अध्यक्ष र वडा सदस्यहरुसंग समन्वय गरिएको थियो ।

सुझाव संकलन, नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलनका लागि सहभागि भएकाहरुलाई सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिताका लागि आग्रह गरिएको थियो भने वडा अध्यक्ष र सदस्यहरुलाई वडाबाट सकेसम्म धेरै सहभागि लिन आग्रह गरिएको थियो । गाउँपालिकाको सुचना पार्टी, फेसबुक पेज, वयबसाइट लगाएतका सामाजिक संजालहरुबाट सुचना प्रवाह गरिएको थियो । जिल्लाका क्रियाशिल पत्रकारहरु, नागरिक समाज, वुद्धिजिवि, समाजसेवि, ब्यापारी लगायतलाई उपस्थितिका लागि आग्रह गरिएको थियो । जिल्लामा रहेको संचारमाध्यम, पत्रपत्रिकाहरुमा निरन्तर सुचना प्रवाह गर्नुका साथै सार्वजनिक सुनुवाई कार्यक्रमको प्रचार-प्रसारका लागि अन्तरवार्ता, कुराकानी, छलफल समेत धेरै पटक गरिएको थियो ।

सार्वजनिक सुनुवाई गर्नु पुर्व बस्ति स्तरमा सुझाव संकलन, नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलन कार्यक्रमको समाचार, सूचनालाई प्राथमिकताका साथ प्रचार-प्रसार गरिएको थियो । यसका साथै विभिन्न राजनीतिक दल, सुरक्षाकर्मी, पत्रकार लगायतलाई फोन मार्फत कार्यक्रमको मिति, समय र स्थानका बारेमा पटक-पटक जानकारी गराइएको थियो । वडामा रहेका सबै जनप्रतिनिधिहरु, कर्मचारीहरुले पनि सेवा ग्राहिहरुलाई कार्यक्रममा उपस्थितिका लागि अनुरोध गरेका थिए ।

## ४) सार्वजनिक सुनुवाई कार्यक्रमको उद्देश्यः

सार्वजनिक सुनुवाई गर्नुको मुख्य उद्देश्य चालू आर्थिक वर्ष २०८२।०८३ को दोस्रो चौमासिक सम्म सुनछहरी गाउँपालिकाद्धारा प्रवाह गरिएको सेवा तथा सम्पादन गरिएका कार्यक्रहरुको बारेमा जानकारी दिने र जनताको बुझाई र प्रतिक्रिया लिने तथा जनताको गुनासो सम्बोधन गर्नु मुख्य उद्देश्य हो ।

सेवा प्रदायक कार्यालयहरुले राम्रो सेवा दिन खोज्दा खोज्दै कहिले काहि गलत बुझाइ पैदा हुन सक्छ । आफुले आफुलाई राम्रो गरेको महशुस हुँदा हुँदै पनि सेवा प्रदायकले असजिलो महशुस गर्न सक्छ । कहिले काही सुनेकै भरमा सेवा प्रदायकहरु सम्म गलन सन्देश पनि जान सक्छ यि सवै सवाल र समस्या निवारण गरि साँझा बुझाई निमार्ण गर्नु सार्वजनिक सुनुवाई कार्यक्रमको अर्को उदेश्य हो ।

सुनछहरी गाउँपालिकाले विभिन्न नीति, कार्यक्रम तथा योजनाहरु सम्पन्न गरेर मात्र सार्थकता नहुने भएकाले गाउँपालिकाले सम्पन्न गरेका विभिन्न कार्यक्रम तथा योजनाहरुका बारेमा जनताहरुलाइ जानकारी दिने, गाउँपालिका, वडा कार्यालयले प्रदान गर्ने सेवा प्रवाहका साथै पालिका भित्र रहेको विभिन्न सेवा प्रदायक कार्यालयहरुको बारेमा जानकारी आम सेवाग्राहिहरुलाई दिनुका साथै सेवा प्रदायकहरुको गुनासो, सुझाव, सल्लाह, समस्यालाई सहजिकरण गर्नुका साथै आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा योजनाहरुमा नागरिकहरुको गुनासो सम्बोधन गर्न अहम भूमिका खेल्नु पनि सर्वजनिक सुनुवाईको उदेश्य हो ।

**यसका विशिष्ट उद्देश्यहरु तपशिल अनुसार रहेका छन्:**

क) गाउँपालिकाको सेवा प्रवाहमा पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्व कायम गर्न ।

ख) गाउँपालिकाको सेवा एवं विकास निर्माणबारे सरोकारवालाहरुको धारणा, जिज्ञासा, विचार र सुझावलाई सम्बोधन गर्न ।

ग) स्थानीय तहबाट प्रवाह हुने सेवा, सुविधा तथा वस्तुकाबारेमा सेवाग्राही नागरिकबाट पृष्ठपोषण लिन ।

घ) स्थानीय सरकार र नागरिकहरुका बीचमा दोहोरो सम्बाद स्थापित गर्न ।

ङ) विकास निर्माण प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्धारा सेवा प्रवाहलाई गुणस्तरीय बनाउन ।

च) सञ्चालित विकास कार्यक्रम, उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी सार्वजनिक थलोमा सेवाग्राहीले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउन ।

छ) नागरिकबाट प्राप्त सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार र सरकार सञ्चालनको लागि ।

## ५) निर्गम अभिमत:

सार्वजनिक सुनुवाई गर्नु पुर्व बस्ति स्तरमा सुझाव संकलन, नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलन गरिएको थियो । सुनछहरी गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यविधि २०८१ अनुसार सुनछहरी गाउँपालिका भित्र रहेको वडा नं. १ मा सेवा प्रदायक कार्यालयले दिएको सेवा, सेवाग्राहिहरुलाई कस्तो लाग्यो भनि निर्गम अभिमत संकलन गरिएको थियो । दोस्रो चौमासिक सार्वजनिक सुनुवाई भएकाले गाउँपालिका भित्रका विभिन्न स्थानमा नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलन गर्ने गाउँपालिककले निर्णय गरेको थियो । चालु आर्थिक वर्ष २०८२-०८३ को सार्वजनिक सुनुवाई कार्यक्रमलाई लक्षित गरेर सुनछहरी गाउँपालिका वडा नं. १ का विभिन्न टोलहरु घुस्वाङ, फुलिबन र शेरममा निर्गम अभिमत संकलन गरिएको थियो ।

वडा कार्यालय तथा विभिन्न कलष्टरमा रहेको सेवाप्रदायक कार्यालयहरुबाट सेवा लिएर फर्किरहेका सेवाग्राहिहरुले सेवा लिदाको अवस्थामा कस्तो महशुस गरे, कार्यालयले दिने सेवा प्रवाह कस्तो लाग्यो, कार्यालयको भौतिक संरचना, सरसफाई, कर्मचारीको ब्यवहार लगायतका बारेमा पश्नावली तयार गरेर सेवाग्राहिहरुको प्रतिकृया संकलन गरिएको थियो साथै कार्यालयको राम्रो लागेका कुरा तथा सुधार गर्नु पर्ने कुराहरु के-के छन लेख्न लगाइएको थियो ।

हरेक स्थानमा ७ वटा निर्गम अभिमत गरि ३ स्थानमा  कुल २१ जना भन्दा धेरै सेवाग्राहिहरुसंग निर्गम अभिमत संकलन गरिएको थियो । यसका साथै प्रत्यक स्थानमा कम्तिमा १ जना महिला र १ जना पुरुष नछुट्ने गरि उनिहरुको स्थानमा भएका समस्या, प्रश्न, जिज्ञासा तथा सुझाव पनि रेकर्ड गरिएको थियो । जुन रेकर्ड आवाज सुनछहरी गाउँपालिका वडा नं. १ शेरममा सम्पन्न भएको वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रममा सम्वन्धित वडा कार्यालय, पालिकाका शाखा प्रमुख तथा जनप्रतिनिधिहरुलाई समाधानका लागि आग्रह गरिएको थियो ।

## ६) नागरिक प्रतिवेदनः

सुनछहरी गाउँपालिका वडा नं. १ शेरममा २०८२ चैत्र २९ गते हुने दोस्रो चौमासिक सार्वजनिक सुनुवाईलाई लक्षित गरेर चैत्र पहिलो हप्ता देखि वडा नं. १ का बिभिन्न कलष्टरहरुमा पुगेर नागरिक प्रतिवेदन तयार परिएको थियो ।

सुनछहरी गाउँपालिकाले २०८१ सालमा पारित गरेको सार्वजनिक सुनुवाई कार्यविधि २०८१ ले तयार पारेको अनुसुचि अनुसारको नागरिक प्रतिवेदन तयार गरिएको थियो । प्रत्येक कलष्टरमा रहेको विभिन्न सेवा प्रदायक कार्यालयहरुमा सेवा प्रवाहको अवस्था कस्तो छ, सेवाप्रदायक कर्मचारीको ब्यवहार, क्षमता, काम गर्ने शैली, कार्यालयको भौतिक संरचना, कार्यालय ब्यवस्थापन, सुशासन, पारदर्शिता, जवाफदेहिता, कार्यालयको आर्थिक अवस्था, सरसफाई लगायत ४८ वटा विभिन्न प्रश्नावलीहरु समेटिएको नागरिक प्रतिवेदन फारम तयार गरि भर्न लगाइएको थियो ।

नागरिक प्रतिवेदन तयार पार्दा, महिला, पुरुष, दलित, जनजाति, फरक क्षमता भएका ब्यक्ति लगायतलाई नछुट्ने गरि समावेश गरिएको थियो । प्रतिवेदन तयार पर्दा कर्मचारी, जनप्रतिनिधि वा सेवाप्रदायक कसैको पनि प्रभाव नपरोस भन्नका लागि सेवाग्राहिहरुलाई छुट्टा छुट्टै बसाईको ब्यवस्था समेत गरिएको थियो । साथै आफुले सेवा लिन जाँदा जस्तो महशुस गरेको सोही बमोजिम कसैको डर, त्रास तथा कुनै पनि शंका नमानि भर्न आग्रह गरिएको थियो । हरेक टोलबाट गरि २१ वटा भन्दा धेरै नागरिक प्रतिवेदन तयार गरिएको थियो । जुन सार्वजनिक सुनुवाई हुने मितिमा सेवाप्रदायकहरुले हेर्न चाहेको खण्डमा हेर्न सकिने ब्यवस्था समेत गरिएको थियो ।

## ७) निर्गम अभिमत मार्फत केहि महत्वपुर्ण प्राप्त प्रश्न तथा प्रतिक्रिया र समाधानः

विभिन्न सेवाप्रदायक कार्यालयहरुबाट प्रदान गरिएका सेवाप्रवाहका साथै कर्मचारीको सेवाग्राही प्रतिको व्यवहार, कार्यालयको राम्रो पक्ष, सुधार गर्नु पर्ने कुराहरु तथा प्रश्न, प्रतिकृया समेत निर्गम अभिमतमा संकलन गरिएको थियो । वस्ती स्तरमा प्राप्त राम्रो पक्ष तथा सुधार गर्नु पर्ने कुराहरु साथै प्रश्न, प्रतिकृया र सम्बन्धित अधिकारीले दिएको समाधान यस प्रकारको रहेको छ ।

### क) सुनछहरी गाउँपालिका वडा नं. १ घुस्बाङ

| क्र.स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने व्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | बिरु बहादुर बुढाथोकी सुनछहरी गाउँपालिका वडा नं. १ घुस्बाङ | घुस्बाङ सम्म सडक संजाल नजोडिएको, विभिन्न खोलाहरुमा झोलुङ्गे पुलको अवश्यकता रहेका | सुनछहरी गाउँपालिका वडा नं. १ का वडा अधयक्ष धनिमन रोका | घुस्बाङ सम्म सडक संजाल जोड्नका लागि निमार्ण व्यवसायिले काम अलपत्र पारेको र सम्वन्धित निकायहरुसंग पहल गरिरहेको, घुस्बाङ जाने बाटोमा पर्ने विभिन्न खोलाहरुमा पुलको अवस्यकता भएको सत्य भएकाले ति खोलाहरुमा झोलुङ्गे पुल निमार्ण गर्नका लागि पालिका, प्रदेश र संघमा पहल गरिरहेको भनाई, । | |
| | कुमसिंङ घर्ती सुनछहरी गाउँपालिका वडा नं. १ घुस्बाङ | दैनिक उपभोग्य सामान शेरम, फुलिबन बाट पैदल सामान लिनु पर्ने बाध्यता, सामाजिक सुरक्ष भट्टा लिन जेष्ठ नागरिकहरुले कष्ट भोग्नु परेको, घुस्बाङमा केन्द्रिय प्रशारण लाइन नपुगेको, टेलिफोनले घाम लाग्दा मात्र काम | सुनछहरी गाउँपालिका वडा नं. १ का वडा अधयक्ष धनिमन रोका | घुस्बाङमा सडक नपुगेकाले दैनिक उपभोग्य सामान बोकेरै लैजानु पर्ने समस्या रहेको र सडक निमार्ण कार्य सकिए पछि उक्त समस्या समाधान हुने, जेष्ठ नागरिकहरुले सामाजिक सुरक्षा भट्टा लिन कष्ट भोग्नु परेको स्विकार । कसरी सामाजिक सुरक्षा भट्टा सजिलै बस्तिमा पुऱ्याउन भनेर समन्वय गरिरहेको भनाई । घुस्बाङमा केन्द्रिय प्रशारण लाइन विस्तारको काम भइरहेको र काम छिटो गर्न आफुले पटक-पटक पहल गरिरहेको भनाई, टेलिफोन टावरमा केन्द्रिय प्रशारण लाइन विद्युत | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गर्ने गरेको, सरस्वती माविमा भौतिक पुर्वाधारको समस्या रहेको । सामुदायिक स्वास्थ्य इकाइ घुस्बाङमा भौतिक अवस्था नाजुक | | पुऱ्याउन नसक्दा घाम लागेपछि मात्र टावरले काम गरेका जानकारी दिदै त्यसको समाधानका लागि टावरमा केन्द्रिय विद्युत प्रशारण लाइन पुऱ्याउन पहल गरिरहेको भनाई । घुस्बाङ सामुदायिक स्वास्थ्य इकाइको भवन र अन्य उपकरणका खरिदका लागि पालिकासंग वजेटका लागि पहल गरिरहेको भनाई । | |

सुनछहरी गाउँपालिका वडा नं. १ घुस्बाङमा विभिन्न स्थानमा सेवा लियर फर्कदै गरेको सेवाग्राहिहरुसंग निर्गम अभिमत संकलन गरिएको थियो । उनिहरुले विभिन्न प्रश्न तथा प्रतिकृया अभिमतमा जाहेर गरेका थिए । यसका साथै सोही स्थानका ०७ जना भन्दा धेरैसंग नागरिक प्रतिवेदन पनि तयार पारिएको थियो । त्यतिकै संख्यामा निर्गम अभिमत संकलन गरिएको थियो ।



*सुनछहरी गाउँपालिका वडा नं. १ घुस्बाङमा नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलनको समयमा लिइएको तस्बिर :*

### ख) सुनछहरी गाउँपालिका वडा नं. १ फुलिवन:

| क्र. स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने व्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | अन प्रसाद विक सुनछहरी गाउँपालिका वडा नं. १ फुलिवन | झंकि पहिरोको समस्या, बाटो र विद्युतको समस्या साथै खाने पानीको समस्या । | सुनछहरी गाउँपालिकाका वडा नं. १ का वडा अध्यक्ष धनिमान रोका | सुनछहरी गाउँपालिका १ फुलिवनको पहिरो रोल्पाकै ठुलो पहिरो भएको र यसलाई नियन्त्रण गर्नका लागि प्रदेश र संघ संग पहल गरेको भनाई । विद्युत विस्तारका लागि सम्वन्धित निकायमा पहल गरिरहेको भनाई, खाने पानी व्यवस्थापनका लागि वडाले सक्दो काम गरिरहेको भनाई । | |
| २. | टिकाराम गोतामे सुनछहरी गाउँपालिका वडा नं. १ फुलिवन | फुलिबनमा झोलुंगे पुल र शेरम खोला पुलको बजेट किन काटियो । | सुनछहरी गाउँपालिकाका वडा नं. १ का वडा अध्यक्ष धनिमान रोका | यो योजना प्रदेशको भएको र योजना कार्यान्वयनका लागि पहल गर्दा पनि प्रदेशले बजेट काटेकोमा आपत्ती जनाउनु भयो । फेरी पनि वजेटका लागि पहल गर्ने प्रतिवद्धता ब्यक्त गर्नु भयो । | |
| ३. | सन्त बहादुर विक सुनछहरी गाउँपालिका वडा नं. १ फुलिवन | झंकि स्कुलमा भवन निमार्णको काम अलपत्र परेको, खाम भाषा शिक्षकको आवश्यकता परेको | सुनछहरी गाउँपालिका अध्यक्ष धन बहादुर पुन शिक्षा शाखा प्रमखु बसन्ति जोसी | उक्त भवन प्रदेशको योजना भएको र निमार्ण ब्यवसायिले योजना अलपत्र पारेको सम्वन्धित निकायमा काम गर्नका लागि पहल गरिरहेको । खाम भाषाको शिक्षकका लागि कार्यपालिकामा छलफल भइ सकेकोले छिटै ब्यवस्थापन गरिने जानकारी । | |

सुनछहरी गाउँपालिका वडा नं. १ को फुलिवनमा निर्गम अभिमत र नागरिक प्रतिवेदन तयार पारिएको थियो । सेवा लिएर फर्कदै गरेको सेवाग्राहिहरुसंग निर्गम अभिमत संकलन गरिएको थियो । उनिहरुले विभिन्न प्रश्न तथा प्रतिकृया अभिमतमा जाहेर गरेका थिए । यसका साथै सोही स्थानका ७ जना भन्दा धेरैसंग नागरिक प्रतिवेदन पनि तयार पारिएको थियो । त्यतिकै संख्यामा निर्गम अभिमत संकलन गरिएको थियो ।




*सुनछहरी गाउँपालिका १ फुलिवनमा नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलनको समयमा लिइएको तस्बिर :*

## ग) सुनछहरी गाउँपालिका वडा नं. १ शेरमः

| क्र. स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने व्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | तेसन घर्तीमगर सुनछहरी गाउँपालिका वडा नं. १ शेरम | शेरम खोलामा गाडि हिड्ने पुल नहुँदा वर्षामा यात्रा गर्न समस्या हुने गरेको, शेरम पुग्ने सडक पनि सह्रै अफ्ष्यारो भएको, पोल तार तानेको कयौं वर्ष भए पनि केन्द्रिय प्रशारण लाइन विस्तार नभएको र शेरममा खाने पानीको समस्या । | सुनछहरी गाउँपालिका वडा न. १ का वडा अध्यक्ष धनिमान रोका | सुनछहरी गाउँपालिका वडा नं. १ शेरम जोड्ने पुल निमार्णका लागि वडाले पहल गरिरहेको, वडा कार्यालय जोड्ने सडक स्तरोन्नतीकाको लागि विभिन्न निकायहरुमा पहल गरिरहेको भनाइ ब्यक्त । विद्युत केन्द्रिय प्रशारण लाइन विस्तारका लागि अघिल्लो कार्यकालका जनप्रतिनिधी हुँदा नै पोल तार तानेको तर अहिले सम्म बत्ती बाल्न नसक्दा आफुलाई लाज लागेको तर विभिन्न ठाउँमा पहल गरिरहेको भनाई ब्यक्त । खाने पानी को समस्या नभएको तर ब्यवस्थित गर्नु पर्ने भनाइ ब्यक्त । | |
| २. | प्रदिप घर्तीमगर सुनछहरी गाउँपालिका वडा नं. १ शेरम | घाम लागेका बेला मात्र टावरले काम गर्ने गरेको, रातको समयमा टेलिफोनले काम नगरेको शेरममा सिचाइको सुविधा नभएको । | सुनछहरी गाउँपालिकाका अध्यक्ष धन बहादुर पुनमगर | विद्युतको केन्द्रिय पशारण लाइन विस्तार नभएकाले रातमा सोलारले काम नगर्दा टेलिफोनले काम नगरेको जानकारी दिदै शेरमको टावरमा विद्युत विस्तारका लागि काम भइरहेको जानकारी, शेरममा सिचाइको मुहान कतैबाट पनि सम्भव नभएकाले सिचाइको सुविधा पुऱ्याउन नसकिने जानकारी । | |

सुनछहरी गाउँपालिका वडा नं. १ शेरममा निर्गम अभिमत र नागरिक प्रतिवेदन तयार पारिएको थियो । सेवा लिएर फर्कदै गरेको सेवाग्राहिहरुसंग निर्गम अभिमत संकलन गरिएको थियो । उनिहरुले विभिन्न प्रश्न तथा प्रतिकृया अभिमतमा जाहेर गरेका थिए । यसका साथै सोही स्थानका ७ जना भन्दा धेरैसंग नागरिक प्रतिवेदन पनि तयार पारिएको थियो । त्यतिकै संख्यामा निर्गम अभिमत संकलन गरिएको थियो ।



*सुनछहरी गाउँपालिका १ शेरममा नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलनको समयमा लिइएको तस्बिर :*

## ८) दोस्रो चौमासिक सार्वजनिक सुनुवाई/कार्यक्रम विवरणः

सुनछहरी गाउँपालिका रोल्पाको आर्थिक वर्ष २०८२/०८३ को दोस्रो चौमासिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । सुनछहरी गाउँपालिका वडा नं. १ शेरममा आर्थिक वर्ष २०८२/०८३ को दोस्रो चौमासिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम चैत्र २९ गते सम्पन्न भएको हो ।

गाउँपालिकाको यस आर्थक वर्ष २०८२/०८३ को दोस्रो चौमासिक सम्म सम्पन्न भएका विकास निमार्ण, योजनाका कामहरु, बिभिन्न कार्यक्रम र अन्य सेवा प्रवाह, लगायत समग्र गतिविधिका बारेमा दोस्रो चौमासिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको हो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा आर्थिक वर्ष २०८२/०८३ को हाल सम्म गाउँपालिका बाट भएका विकास निमार्ण, योजना, बिभिन्न कार्यक्रम अन्य सेवा प्रवाह, कर्मचारीको अवस्था गाउँपालिकामा रहेका पुर्वाधार विकास, शिक्षा, स्वास्थ्य, पशु, कृषि, बिद्युत, पर्यटन, खानेपानी, लघुउद्यम, टेलिफोन, रोजगार लगाएतका विषयमा शाखाहरुबाट हाल सम्म भएको प्रगतिको समेत गाउँपालिका प्रमुख प्रसासकीय अधिकृत प्रेम बहादुर घर्तिले जानकारी गराउनु भएको थियो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागि नागरिकहरुबाट सडक पुर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र खानेपानी, बिद्युत, टेलिफोन आदीको समस्या रहेको बताएका थिए । स्थानीय सरकारले अहिले सम्म सबै राम्रै काम गर्नको लागी प्रयास गरेको भए पनि गाँउपालिकामा अलि बढी शिक्षा, टेलिफोन, बिद्युत, कृषि जस्ता क्षेत्रमा बढी समस्या झेल्नु परेको गुनासो गरेका थिए ।

कार्यक्रममा सहभागि नागरिकहरु बाट आएका प्रशन एंव जिज्ञासाको जवाफ गाउँपालिका अध्यक्ष धन बहादुर पुन, प्रमुख प्रसासकीय अधिकृत प्रेम बहादुर घर्ति, वडा न. १ का वडा अध्यक्ष धनिमान रोकाले सम्वोधन गर्नु भएको थियो । गाँउपालिकामा रहेको शिक्षा शाखा प्रमुख बसन्ति कुमारी जोशी र योजना शाखा प्रमुख गुमान विष्ट लगायतले जिज्ञासाको कार्यक्रममा सहभागिता रहेको थियो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा सुनछहरी गाउँपालिकाका सम्पुर्ण जनप्रतिनिधिहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, गाँउपालिका स्थित बिभिन्न सरकारी तथा गैरसरकारी कार्यालयाका प्रमुख प्रतिनिधि, गाउँपालिका भित्रका बिभिन्न शाखाका प्रमुखहरु अन्य कर्मचारीहरु, पत्रकार, गाउँपालिका सेवाग्राही लगायत आम नागरिकहरुको कार्यक्रममा सहभागिता रहेको थियो ।

सुनछहरी गाउँपालिका अध्यक्ष धनबहादुर पुनमगरको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको संचालन वडा सचिव हरि बहादुर केसीले गर्नु भएको थियो भने सहजीकरण रेडियो मालश्रीका पत्रकार गणेश केसीले गर्नुभएको थियो । कार्यक्रमको विभिन्न संचार माध्यमहरुले प्रत्येक्ष प्रशारण समेत गरेका थिए ।

## ९) कार्यक्रममा सहभागिहरुले राखेका जिज्ञासा तथा प्रश्न र सम्बन्धित सरोकारवालाको जवाफः

### केहि महत्वपुर्ण मात्रः

| क्र.स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने व्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | कृष्ण परियार सुनछहरी १ घुस्बाङ, रोल्पा | ५ लाख भन्दा माथिका योजनाहरु टेण्डर भएको, योजनाहरु निमार्ण ब्यवसायिले अलपत्र परेकाले उपभोक्ता समिति मार्फत काम किन नगरिएको । प्रदेश र संघको योजनामा | सुनछहरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रेम बहादुर घर्ती | सार्वजनिक खरिद नियमावली अनुसार ५ लाख भन्दा माथिका योजना उपभोक्ता समितिले गर्न नमिल्ने, प्रदेश र संघको योजनामा पालिकाको प्राविधिक पठाउदा कुनै समन्वय नहुने र उनिहरुको योजनाको डिटेल स्टिमेट थाहा नहुने भएकाले पालिकाको प्राविधिकले हेर्दा कुनै अर्थ नहुने बताउनु भयो। सम्पुर्ण वडा सदस्यहरु, वडा अध्यक्षहरले वडामा तथा प्रत्येक्ष कलष्टरहरुमा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पालिकाको प्राविधिक पठाउन सकिन्छ कि सकिदैन, वडा सदस्य, अध्यक्षहरुको पालिकामा पहुँच हुन्छकी हुँदैन । | | जनताको समस्यालाई पालिकामा लैजानका लागि महत्वपुर्ण भूमिका खेलेको र उनिहरुले जनताको समस्या पालिका सम्म पुऱ्याउनका लागि पुलको काम गरिरहेको जानकारी दिनु भएको छ । | |
| २. | जिवन घर्तीमगर सुनछहरी १ फुलिबन, रोल्पा | अहिलेको फुलिवन टोल शेरम वडा कार्यालयमा सेवा लिनका लागि समस्या भएकाले यस टोललाई छुट्टै वडा बनाउनु पर्ने जानकारी दिदै उक्त टोलमा स्थानीयहरुले गरेको छुट्टै वडा बनाउने निर्णय सहिदको ज्ञापन पत्र पेश गरेको । | सुनछहरी गाउँपालिकाका अध्यक्ष धनबहादुर पुन | फुलिबनलाई छुट्टै वडा बनाउने वा कुनै अन्य वडामा गाभ्ने विषयमा त्यहाका स्थानीय बुद्धिजिवी, राजनीतिक दल, जनप्रतिनिधी बसेर सहमति गरे पालिकाले केन्द्रमा पठाउन सक्ने र केन्द्रले उपयुक्त ठानेको खण्डमा छुट्टै वडा वा कुनै वडामा गाभ्न सकिने जानकारी दिनु भएको छ । त्यसका लागि सर्वपक्षिय सहमति हुनु पर्ने जानकारी दिनु भएको छ । | |
| ३. | केशब घर्तीमगर सुनछहरी १ शेरम, रोल्पा | पालिका कब गर्नु भन्दा शिपमुलक तालिमको व्यवस्था गर्नु पर्ने, २०८२ सालमा गरेको रनिङशिल्डको पैसा ब्यापारीहरुले नपाएको गुनासो | सुनछहरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रेम बहादुर घर्ती र शिक्षा शाखा प्रमुख बसन्ति जोसी | विकाश भनेको बाटो घाटो पुल पुलेसा, सडक, विद्युत, भवन मात्र नभएकाले विकाश भनेको आर्थिक सामाजिक र खेलकुदको पनि विकाश गर्नु आवश्यक भएकाले सबै क्षेत्रमा बजेट विनियोजन गर्नु पर्ने भनाई । २०८२ सालमा गरेको रनिङशिल्डको पैसा ब्यापारीहरुले नपाएको विषयमा ब्यापारिहरुससंग बैंक खाता नं. नभएकाले | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | खाता खोल्न ढिला भएकाले भुक्तानी ढिला भएको जानकारी । | |
| ४. | कमल घर्तीमगर सुनछहरी १ शेरम, रोल्पा | जेष्ठ नागरिकहरुले प्राप्त गर्ने सामाजिक सुरक्षा भत्ता वडाबाटै वितरण गर्नु पर्ने कक्षा ८ को परिक्षामा ९१ प्रतिशत विद्यार्थी पास कसरी भए | सुनछहरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रेम बहादुर घर्ती र शिक्षा शाखा प्रमुख बसन्ति जोसी | ९० बर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई मात्र सरकारले घरमै गएर सामाजिक सुरक्षा भत्ता वाड्न बाध्यकारी भएकाले ९० वर्ष मुनिकाहरुलाई वडामै गएर बाड्नु पर्ने बाध्यता नभएको तर पनि वडामै बाड्न प्रयास गरिरहेको । कक्षा ८ को परिक्षामा ९१ प्रतिशत विद्यार्थी पास भएकोमा गुनासो गर्नु आवश्यक नभएको । | |
| ५. | खिम बहादुर बिष्ट सुनछहरी १ शेरम, रोल्पा | विज्ञान प्रयोग शाला, आइटिसि, पुस्तकालय जस्ता कार्यक्रमहरु आधारभुत विद्यालयमा किन पर्दैनन् | शिक्षा शाखा प्रमुख बसन्ति जोसी | विज्ञान प्रयोगशाला, आइटिसि, पुस्तकालय जस्ता कार्यक्रमहरु पर्नका लागि विभिन्न मापदण्डहरु हुने र ति मापदण्डहरु मावि विद्यालयहरुले मात्र पुरा गर्न सक्ने भएकाले त्यसो भएको जानकारी दिनु भयो । | |

फाटोमा आर्थिक वर्ष २०८२-०८३ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम :






Ganesh Kc
4
See more


दोस्रो चौमासिक
सार्वजनिक सुनुवाई
4


आ.व. २०८२/०८३ दोस्रो चौमासिक
सार्वजनिक


सार्वजनिक
कार्यक्रम

१०)सुझाव :

क) कार्यक्रममा सहभागिको संख्या बढाउनका लागि अझै कर्मचारी र जनप्रतिनिधिले ध्यान दिनु पर्ने

ख) गाउँ, टोलमा पुगेर भरिने नागरिक प्रतिवेदन फारम सरल बनाउनु पर्ने ।

ग) सार्वजनिक सुनुवाईमा उठेमा समस्याहरुलाई सकेजति छिटो समाधान गर्नु पर्ने ।

घ) सम्भव भए सम्म तोकिएकै समयमा कार्यक्रम सुरुवात गर्ने ।

ङ) वडाको दुर्गम स्थानमा पनि कार्यक्रमको आयोजना गर्नु पर्ने ।

११) अन्तमा :

सेवाप्रदायक नियकाय र सेवाग्राहीविच दुरी नजिक बनाउदै साँझा बुझाइ निमार्ण गर्न र विभिन्न कार्यालय तथा स्थानिय सरकारहरुले गरेको गतिविधि आम नगरिकहरु समक्ष पुऱ्याउने साथै कार्य सम्पादन गर्दै गर्दा भए गरेको गल्ति, कमि, कमजोरी र सकरात्मक सुझाव लिने गतिलो फोरमको रुपमा सार्वजनिक सुनुवाईलाई लिने गरिन्छ ।

आफुले गरेका राम्रा कामहरुको पनि प्रचार-प्रसारको कमिका कारण र गलत बुझाइका कारण सेवाग्राहिहरुमा पर्न गएको गलत बुझाई तथा क्रोधलाई अन्त्य गर्दै पालिका तथा सेवाप्रदायक कार्यालयले दिएको सेवामा सन्तुष्ट पार्न पनि सार्वजनिक सुनुवाईले थप भूमिका खेलेको हुन्छ ।

यस प्रकारको कार्यक्रमले गाउँका कुना-कुनामा रहेका समस्याहरुलाई सम्वन्धित सेवाप्रदायक निकायहरु समक्ष पुऱ्याउन महत्वपुर्ण भूमिका खेल्नुका साथै गाउँ, समाजमा भएका समस्यालाई कसरी समाधान गर्न सकिन्छ भन्ने बारेमा पनि विज्ञ, स्थानीय बुद्धिजिवि, समाजसेविहरुले सकरात्मक सुझाव समेत दिने भएकाले कार्य सम्पादन गर्नमा सार्वजनिक सुनुवाईको अहम भूमिका हुन्छ । यसलाई अझैं सभ्य, भब्य र सबैको सहभागिता जुटाउनका लागि सबैले आ-आफ्नो तहबाट लाग्नु पर्छ ।

स्थानीय सरकारको केन्द्रमा आम दुरदराजका नागरिकहरुको समस्या, गुनासो नआइ पुग्ने भएकाले विभिन्न गाउँको वस्ति-वस्ति र टोलहरुमा पुगि संकलन गरिने नागरिकहरुको गुनासो, सुझाव र सस्या स्थानीय सरकारको केन्द्रमा पुऱ्याउनका लागि पनि सार्वजनिक सुनुवाईले भूमिका खेलेको देखिन्छ । कार्यालयले प्रत्यक चौमासिकमा गरेको गतिविधि, खर्च विवरण समेत सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिने भएकाले विभिन्न योजना तथा कार्यक्रमहरुमा अनियमितता, भ्रष्टचारमा कमि आउनुका साथै मितब्ययिता समेत कायम हुने देखिन्छ । यसलाई निरन्तरता दिनु स्थानिय सरकारको दायित्व हो ।

गाउँपालिका तथा वडा कार्यालय वा अन्य जुन सुकै सेवा प्रदायक कार्यालयहरु, पालिकामा सम्पन्न हुने विभिन्न विकाश निमार्णका योजनाहरु सम्पन्न भए पश्चात पनि सार्वजनिक सुनुवाई गर्नु कानूनी बाध्यता रहेको छ । कागजी रुपमा मात्र नभएर बास्तवमै सार्वजनिक सुनुनवाई गर्न सके कार्यालयले प्रदान गर्ने सेवा प्रवाह, चुस्त, दुरुस्त, पारदर्शि र जनविश्वास प्राप्त गर्न सक्छ ।

........................................

प्रतिवेदक - गणेश केसी
पद - प्रशासनिक प्रमुख
सस्था - रेडियो मालश्री १०० विन्दु ५ मेगाहर्ज
लिबाङ, रोल्पा